घोडाघोडी स्थानीय राजपत्र
घोडाघोडी नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशीत
सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ७ | अंक ५५ | २०८० फागुन २२ गते, मंगलबार |
|---|---|---|---|

**प्रस्तावना**

यस नगरपालिका भित्रका बालिका, अपाङ्गता तथा सीमान्तकृत र जोखिममा रहेका बालबालिकाको शिक्षा, सुरक्षा र संरक्षणकाअधिकारलाई प्रर्वद्धन गरि लैङ्गिक हिंसामा कमी ल्याउन र बालबालिकाले सामना गरिरहेका शैक्षिक अवरोधहरुको सम्वोधन गर्न, सिकाइलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिन रघोडाघोडी नगरपालिकाले नीति निमार्ण प्रक्रियामा उनिहरुको सवाल संलग्न गर्न गराउन स्वतन्त्र सरोकारवाला समूहको रुपमा बालिका तथा समावेशी शिक्षा सञ्जाललाई संस्थागत गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि घोडाघोडी बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालनका लागि यो कार्यविधि जारी गरिएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र परिभाषा**: (१) यो कार्यविधिको नाम "बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क) "प्रमुख" भन्नाले घोडाघोडी नगरपालिकाको प्रमुख लाई सम्झनु पर्छ।

ख) "अपाङ्गता भएका व्यक्तिहरु" भन्नाले अपाङ्गता भएमा व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ को अनुसूची १ माउल्लेख भएका परिभाषा र वर्गीकरण सम्झनु पर्छ।

ग) "उपप्रमुख" भन्नाले घोडाघोडी नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

घ) "कार्यपालिका" भन्नाले घोडाघोडी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

ङ) "कार्यालय" भन्नाले घोडाघोडी नगरपालिको कार्यालयलाई सम्झनु पर्छ।

च) "कोष" भन्नाले दफा ९ बमोजिमको कोष सम्झनु पर्छ।

छ) "नगरपालिका" भन्नाले घोडाघोडी नगरपालिकालाई सम्झनु पर्छ।

ज) "बालिका" भन्नाले विद्यालय तहको शिक्षा अध्ययन गर्ने उमेर समूह (४–१७ वर्षका बालिकाहरुलाई सम्झनु पर्छ।

झ) "बालिका तथा समावेशी शिक्षा सञ्जाल" भन्नाले समुदाय वा विद्यालय स्तरमा बालिका तथा समावेशी शिक्षालाई प्रवद्र्धन गर्ने उद्देश्यले गठन भएको समूह वा समितिलाई सम्झनुपर्दछ।

ञ) "सदस्य" भन्नाले यसै कार्यविधि बमोजिमका बालिका तथा समावेशी शिक्षा सञ्जालका सदस्यहरूलाई सम्झनु

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

पर्छ।

ट) “सञ्जाल” भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

ठ) “समावेशी शिक्षा” भन्नाले शिक्षा ऐन २०२८ (नवौं संसोधन) को दफा ६ (क) बमोजिमको शिक्षालाई सम्झनु पर्छ।

ड) “सिमान्तकृत तथा जोखिममा रहेका समुदाय” भन्नाले सामाजिक, आर्थिक तथा सांस्कृतिकरुपमा पिछडिएका समुदाय भन्ने सम्झनु पर्छ।

ढ) “संरक्षक” भन्नाले दफा ४ बमोजिमको सञ्जालको संरक्षक सम्झनु पर्छ।

**परिच्छेद २**

**बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र सञ्चालन**

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

क) नगरपालिका भित्र रहेका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने तथा बालिका शिक्षा र समावेशी शिक्षाको प्रवर्द्धन गर्ने।

ख) बालिकाहरूले सामना गरिरहेका शैक्षिक अवरोधहरूको सम्बोधन गर्ने र सिकाइलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिने।

ग) विद्यालय हाताभित्र, विद्यालय आउँदा जाँदा र समुदायमा बालबालिकामाथि हुने वा हुन सक्ने भेदभाव, शारीरिक, भावनात्मक तथा यौनदुर्व्यवहार, शोषण, लैङ्गिक हिंसा, शारीरिक वा मानसिक दण्डसजाय, हेपाई लगायतका जोखिमको निर्धारित संयन्त्र, विधि र प्रक्रिया अनुरूप न्यूनिकरण गर्ने।

घ) नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि लागू गर्ने र सञ्जालको तथा लैङ्गिक सम्पर्क व्यक्तिको काम, कर्तव्य र भूमिका स्पष्ट गर्ने।

ङ) सञ्जालका सदस्यहरु तथा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरी गुनासो सुनुवाईसंयन्त्रलाई सुदृढ गर्ने।

**४. नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संजालको गठन र सञ्चालनः** (१) घोडाघोड नगरपालिकामा देहाय बमोजिमको नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन हुनेछः

क) प्रमुख – संरक्षक

ख) उप उपप्रमुख – संयोजक

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) सामाजिक विकास समितिको संयोजक – सदस्य

ङ) बाल कल्याण अधिकारी वा महिला तथा बालबालिका शाखा प्रमुख – सदस्य

च) स्वास्थ्य शाखा प्रमुख – सदस्य

छ)नगरपालिका स्तरीय बालक्लव सञ्जालको अध्यक्ष तथा उपाध्यक्ष समेत गरि दुई जना – सदस्य

ज) नगरपालिकाभित्र बसोवास गर्ने दलित वा मुस्लिम वा अपाङ्गता भएको महिला अभिभावक मध्यबाट संरक्षकले तोकेको एक जना प्रतिनिधी – सदस्य

झ) संरक्षकले तोकेको नगरपालिका क्षेत्रभित्रकार्यरत समावेशी तथा लैङ्गिकताको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाबाट एक जना – सदस्य

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

ञ) नगरपालिका क्षेत्रभित्र रहेको विशेष आवश्यकता भएका बालबालिका मध्येबाट एक बालक एक बालिका – सदस्य

ट) संजालको बैठकले मनोनयन गरेकोसञ्चारकर्मी एक जना – सदस्य

ठ) नगरपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरू मध्येबाट संजाललको बैठकले मनोनयन एक जना – सदस्य

ड) नगरपालिका भित्रको सामुदायिक विद्यालयहरू मध्येबाट संजालको बैठकले मनोनयन गरेको प्रधानाध्यापक एक जना – सदस्य

ढ) नगरपालिका भित्र भएको सामुदायिक विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष बाट संजालको बैठकले मनोनयन गरेका एक जना – सदस्य

ण) नेपाल प्रहरीको स्थानीय इकाइ प्रमुख वा निजले तोकेको एकजना महिला प्रतिनिधि – सदस्य

त) वालवालिकको क्षेत्रमा कार्यरत गैर सरकारी सँस्थाकाको प्रतिनिधि मध्ये समितिले मनोनित एक जना – सदस्य

त) नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

(२) संजालको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत पहुनेछ। तर समितिको बैठकमा गणपूरक संखया नपुगी लगातार दुई पटक बैठक स्थगित भएमा तेस्रो पटक बैठक सञ्चालन गर्न कम्तिमा एक चौथाइ सदस्य उपस्थित भएको हुनुपर्ने छ।

(३) संजालले नियमित कार्यसंचालन गर्ने प्रयोजनकालागि उप प्रमुखको संयोजकत्वमा वढीमा सात सदस्य रहने गरी सचिवालय गठन गर्न सक्नेछ।

(४) सञ्जालको बैठक वर्षमा कम्तिमा पनि ४ पटक बस्ने छ तर आवश्यकता अनुसार सो भन्दा धैरै पटक पनि बस्न सक्नेछ।

(५) आवश्यकता अनुसार सञ्जालको बैठकमा विषयगत विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ

(६)सञ्जालको बैठक सम्वन्धी अन्य कार्यविधि संजालले तोके बमोजिम हुनेछ।

(७) सञ्जालका सदस्यले प्रचलित कानून बमोजिमको बैठक भत्ता प्राप्त गर्नेछन्।

**५. नगरपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र अधिकारः** (१) नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

क) विद्यालयमा गुनासो सुनुवाइ समितिको लागि आवश्यक प्रतिनिधि तोकी गुनासो सुनुवाई कार्यविधि २०७४ (संसोधन सहित) अनुसार पालिका भित्रका विद्यालयहरूमा गुनासोसुनुवाई समिति गठन गर्न र त्यसलाई क्रियाशील बनाउन पहल गर्ने।

ख) विद्यालयले गुनासो सुनुवाई कार्यविधि अनुसार सुझाव पेटिका तथा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गुनासो संकलन, प्राप्त गुनासोहरूको वर्गीकरण र प्राथमिकीकरण गरी त्यसलाईसम्वोधन गरेको वा नगरेको अनुगमन गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने आवश्यक निर्देशन दिने।

ग) विद्यालयस्तरमा सम्वोधन हुन नसकेको गुनासोहरूलाई समाधानको लागि सम्बन्धित निकायमा प्रतिवेदन गर्न पहल गर्ने।

घ) विद्यालयस्तरमा परेका तथा सम्बोधन गरिएका गुनासोहरूको अद्यावधिक विवरण लिइ राम्रो कार्य गर्ने विद्यालय तथा विद्यालय स्तरीय लैङ्गिक सम्पर्क व्यक्तिलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने।

ङ) वार्षिक तथा अद्यावधिक योजनामा लैङ्गिक, अपाङ्गता लगायतका सामाजिक समावेशीकरणका समसामयिक विषय समावेस गर्न पहल गर्र्ने। साथै विद्यालय एवं पालिकामा गुनासो सुनुवाई संयन्त्र सञ्चालन गर्न आवश्यक

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

स्रोतको व्यवस्था गर्न पहल गर्ने ।

च) विद्यालयमा लैङ्गिक, जातीय तथा अपाङ्गतामा आधारित हिंसा तथा अन्य बहिष्करणमा परेको बालबालिकाको पहिचान गरी न्यूनीकरणको लागि पहल गर्ने।

छ) समुदाय तथा विद्यालयमा हुने लैङ्गिक हिंसा, भेदभाव तथा दण्ड सजाय जस्ता गतिविधिहरूको न्यूनीकरणको लागि पहल गर्ने।

ज) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैङ्गिक रसमावेशी प्रतिनिधित्व सुनिश्चिताको लागि पहल गर्ने।

झ) विद्यालयहरूमा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धि गरेका कार्यहरू नियमित अनुगमन गर्ने तथा पृष्ठपोषण दिने।

ञ) विद्यालयहरूमा बालबालिका आत्म संरक्षणको लागि तालिमको व्यवस्था गर्ने।

ट) पीडित बालबालिकाको हिंसा, शोषण र दुव्र्यवहार जस्ता उजुरीहरूलाई गोपनीयता कायम गर्दैसम्बन्धित निकायमा रिपोर्टगर्ने र पीडितलाई आवश्यक सहयोगको लागि पहल गर्ने।

ठ) बालबालिकालाई सुरक्षित वातावरणमा अध्ययन अध्यापन गर्न गराउन विद्यालयमा बालमैत्री वातावरण सिर्जनागर्ने र गराउने।

ड) नगरपालिकामा सञ्चालित विभिन्न अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका बालिकाहरुको तथ्यांक संकलनमा विभिन्न संघ संस्थाहरुसँग समन्यात्मक बैठक सञ्चालन गरि, बालिकाहरूलाई औपचारिक शिक्षामा भर्ना गर्न तथा जीवन उपयोगी योजना बनाउनमा पहल तथा सहयोग गर्ने।

ढ) नगरपालिकामा सञ्चालित विभिन्न बालिका कार्यक्रमहरूमा बालिकाहरूको संलग्नतामा पहल गर्ने तथा उपलब्ध भएको श्रोत साधनहरूमा बालिकाहरूको पहुँचलाई सुनिश्चितता गर्ने।

ण) नगरपालिकामा सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका अभिभावकहरूको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने तथा गराउने।

त) नगरपालिका स्तरबाट वार्षिक योजना तर्जुमा मार्फत बालबालिकाको लागि योजना बनाई बजेट विनियोजन गर्ने।

थ) विपद् व्यवस्थापनको प्रतिकार्यका लागि पैरवी गर्ने।

द) बालबालिकालाई सामाजिक सुरक्षा योजनामा पहुँचको लागि समन्वय तथा सहयोग गर्ने।

ध) नगरपालिका भित्रका विद्यालयहरूमा सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपमा पिछडिएका बालबालिकाको शिक्षाको प्रगतिलाई बेला बेलामा अनुमगन तथा मूल्याङ्कन गरि सुधारको लागि योजनाहरू विद्यालय स्तरमा छलफल गर्ने तथा कार्य योजना बनाउने।

**६. लैङ्गिक सम्पर्क व्यक्ति तोक्नु पर्ने:** (१) बालिका तथा समावेशी शिक्षा संजालले कल्याण अधिकारी वा महिला, वालबालिका तथा जेष्ठ नागरिकउप शाखा प्रमुखलाइ लैङ्गिक सम्पर्क व्यक्ति तोक्न कार्यालयलाई सहजिकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको लैङ्गिक सम्पर्क व्यक्तिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

क) नगरपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा सञ्जालको नियमित बैठक गराउने र बैठकबाट आएको मुद्दालाई सम्बोधनको लागि कार्यपालिकामा पेश गरी समाधानको लागि पहल गर्ने। सञ्जाललाई निरन्तर परिचालनको लागि स्रोत व्यवस्थापन तथा योजना निमार्णमा सहयोग गर्ने।

ख)नगरपालिका स्तरमा विद्यालय शिक्षाको पाठयक्रममालैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयवस्तुलाई समावेश गर्न सम्वन्धित निकायमा पहलगर्ने ।

ग) विद्यालयको भौतिक संरचना तथा अध्ययन अध्यापन विधिलाई लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउने

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

र सञ्जाललाई सक्रिय रुपमा परिचालन गर्ने ।

घ) विद्यालयमा भएको लैङ्गिक सम्पर्क व्यक्ति र विद्यालय व्यवस्थापन समातिसँग समन्वय गरी लैङ्गिक संवेदनशिलता, लैङ्गिक समानता सम्बन्धी सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्नुका साथै विद्यालयमा अनिवार्य रुपमा सुझाव पेटिका राख्ने व्यवस्था गर्ने ।

ङ) लैङ्गिक हिसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरू र स्थानीय सरकारबीच निरन्तर सार्वजनिक बहस एवम् संवादको कार्यक्रम संजाल मार्फत सञ्चालन गर्ने ।

च) न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्दाको सुनुवाई, मुद्दाको व्यवस्थापन, अभिलेख व्यवस्थापन, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक कानूनी सिद्धान्त तथा प्रक्रिया बारेमा क्षमता विकासमा सहयोग गर्ने ।

**७. परामर्श लिन सक्नेः** सञ्जालले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा संस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

## परिच्छेद ३

## स्रोत व्यवस्थापन तथा लेखापरीक्षण

**८. स्रोतको व्यवस्थापनः** नगरपालिका तथा वडाले बालिका तथा समावेशी शिक्षा सम्बन्धीकार्यसञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयको लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**९. कोषसम्वन्धी व्यवस्थाः** (१) नगरपालिकाले यस कार्यविधि बमोजिमको सञ्जालको कार्य गर्न एक कोषको व्यवस्था गर्नेछ ।

(२) उपदफा १ बमोजिमको कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकि रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमा नैरहनेछ ।

(३) कोषमा सशर्त सहायताका रुपमा प्राप्त रकमलाई उपयोग गर्न नसकेको कारण फिर्ता गर्नु पर्ने भएमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(४) कोषलाइ आवर्ती कोष (रिवल्भिङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

**१०. कोषमा जम्मा हुने रकमः** (१) दफा ९ बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

ख) नगरपालिकाबाट प्राप्त रकम ।

ग) कुनै व्यक्ति दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

घ) सञ्जालको पहलबाट प्राप्त रकम ।

ङ) कुनै विदेशी दाता, संस्था वा व्यक्तिवाट प्राप्त अनदुान वा सहयोग रकम ।

च) अन्य स्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि सञ्जालले नगरपालिकाको सिफारिसमा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्विकृति लिनुपर्नेछ ।

(३) यस कार्यविधि बमोजिम सञ्जाललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

(४) सञ्जालको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

**११. <u>कोषको खाता सञ्चालन तथा व्यवस्थापनः</u>** (१) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ ।

(२) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चाल संजालले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ।

(४) कोषको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) सञ्जालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछर्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ ।

(६) सञ्जाललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिदसम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

**१२. <u>खर्च रकम सोधभर्ना गर्नुपर्नेः</u>** सञ्जालले यस कार्यविधि बमोजिम कोषबाट खर्च गरेको रकम यथासिघ्र सोधभर्नाका लागि नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

**१३. <u>लेखा तथा लेखापरीक्षणः</u>** (१) कोषको आर्थिक कारोबारको लेखा प्रचलित लेखा प्रणाली अनुसार हुनेछ ।

(२) उपदफा (१) अनुसारको कोषबाट गरिएको खर्च लेखाको प्रचलित कानून बमोजिमका प्रतिवेदन कार्यालयले सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) अनुदान खर्चको लेखापरीक्षण गर्ने, गराउने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(४) कोषको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण नगरपालिकावाट हुनेछ ।

(५) सञ्जालको कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ४
## विविध

**१४. <u>संजालको सदस्यहरूको लागि अवसर प्रदान गर्न सकिनेः</u>** (१) सञ्जालका पदाधिकारी र लैङिगकसम्पर्क व्यक्तिको क्षमता विकास र नेतृत्वसीप विकासका लागि स्थानीय तह तथा साझेदार संस्थाहरूबाट निर्धारण भए बमोजिम अनुशिक्षण, कार्यक्रम क्षेत्र भ्रमण, कार्यशाला र अन्तरक्रिया जस्ता कार्यक्रमहरूमा सहभागी हुने अवसर प्रदान गर्न सकिनेछ ।

(२) मूल्याङ्कनवाट उत्कृष्ट ठहरिएका सदस्यहरूलाई प्रेरणाको श्रोत व्यक्तिको रुपमा चयन गर्ने सकिनेछ ।

**१५. <u>वडा स्तरीय संजाल गठन र परिचालनः</u>** (१) नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संजालको अधिनमा रहि वडा स्तरमा तपसिल बमोजिमको वडास्तरीय वालिका तथा समावेशी शिक्षा संजाल गठन गर्न सकिने छ ।

(क) सम्वन्धित वडाध्यक्ष – संयोजक

(ख) वडा सदस्यहरु – सदस्य

(ग) वडामा सञ्चालित प्र.अ. हरु मध्येवाट समितिले मनोनित गरेको प्र.अ. १ जना–सदस्य

(घ) वालिका तथा समावेशी सम्पर्क शिक्षकहरु मध्येवाट समितिले मनोनित गरेको १ जना–सदस्य

(ङ) वि.व्य.स. पदाधिकारीहरु मध्येवाट समितिले मनोनित गरेका कम्तिमा १ जना महिला सहित २ जना –सदस्य

(च) वडाभित्रका वालक्लव तथा वाल संजालहरु मध्येवाट समितिले मनोनित गरेका १ वालक र १ वालिका गरि २ जना

–सदस्य

(छ) वालिका तथा समावेश शिक्षा सँग सम्वन्धित रही वडाभित्र काम गर्ने गै.स.स.को प्रतिनिधी १ जना–सदस्य

(ज) वडा सचिव – सदस्य सचिव

(२) वडा स्तरीय वालिका तथा समावेशी संजालको काम कर्तव्य र अधिकारी देहाय बमोजिम हुनेछ ।

(क) वडाभित्रका वालिका तथा समावेशी शिक्षा सम्वन्धी कामका लागि आवश्यक पर्ने नीतिगत सुझावहरु कार्यपालिकालाई दिने ।

(ख) आफ्नो वडा भित्रका जोखिममा रहेका वालिका तथा अपाङ्ग वालवालिकाहरुका लागि शिक्षा, स्वास्थ्यर विद्यालय स्तरमा लैङ्गिक सम्पर्क शिक्षकको संयोजकत्वमा विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा संजाल गठन र परिचालन गर्न गर्ने ।

(ग) विद्यालय स्तरमा गुनासो सुनुवाई तथा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरे नगरेको अनुगमन गर्ने र यस्तो व्यस्थापन नगरेको भए व्यवस्थापन गर्न आवश्यक सहयोग गर्ने ।

(३) वालिका तथा समावेशी शिक्षाका कार्यक्रम सञ्चालनका लागि समन्यकर्ताको भूमिका निर्वाह गर्ने ।

(४) नगर स्तरीय समितिले तोकेका तथा प्रचलित ऐन कानुनले तोकेका अन्य कार्यहरु गर्ने ।

**१६. विद्यालय स्तरीय वालिका तथा समावेशी शिक्षा संजालको संरचनाः** (१) प्रत्येक विद्यालयमा वालिका तथा समावेशी शिक्षा सञ्चालनका लागि देहाय बमोजिमको संरचना रहने छ ।

(क) प्रधानाध्यापक – संरक्षक

(ख) लैङ्गिक सम्पर्क शिक्षक – संयोजक

(ग) महिला शिक्षक मध्यवाट प्रधानाध्यापकले तोकेको शिक्षक –सदस्य

(घ) विद्यालय व्यवस्थापनले तोकेको उक्त समितिको सदस्य १ जना –सदस्य

(ङ) शिक्षक अभिभावक संघवाट १ जना महिला सदस्य –सदस्य

(च) बालक्लववाट १जना वालिका सहित २ जना –सदस्य

(छ) अपांगता भएका वालवालिकाहरुमध्येवाट १ जना – सदस्य

(ज)विद्यालयलाई सेवा क्षेत्र मानि काम गरिरहेका स्थानीय संघ संस्थाको प्रतिनिधी –सदस्य

(२) विद्यालय स्तरीय वालिका तथा समावेशी शिक्षा सञ्जालका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) विद्यालय स्तरीय आचारसंहित बनाई कार्यान्वयन गर्ने तथा गराउने ।

(ख) विद्यालय स्तरीय गुनासो सुनुवाई कार्यान्वयनका लागि गुनासो सुनुवाई कार्यविधि २०७४ अनुसार विद्यालयमा सुझाव पेटिकाको व्यवस्थापन गर्ने तथा गराउने ।

(ग) विद्यालयलाई वालिका तथा अपांगमैत्री बनाउन नीतिगत, कार्यान्वयनगत क्रियाकलापहरु बनाई कार्यान्वयन गर्ने ।

(घ) वालिका तथा समावेशी शिक्षाका सम्वन्धमा वि.व्य.स., शि..अ.संघ तथा अन्य अभिभावकहरु सँग छलफल तथा अन्तरक्रिया सञ्चालन गर्ने ।

(ङ) विद्यालय तथा समुदाय स्तरमा वालिका माथि हुने लैङ्गिक हिंसाकाको व्यवस्थापन र न्यायको लागि वडा तथा नगर स्तरीय न्यायिक समितिसँग समन्वय गर्ने ।

(च) विद्यालय सुधार योजनामा वालिका शिक्षा सँग सम्वन्धित विषयवस्तुहरु समावेश गर्न पहल गर्ने ।

(छ) अपाङ्गता भएका विद्यार्थीहरुका लागि उनिहको प्रकारका आधारमा अनुकुल शिक्षण व्यवस्था तयार गर्न पहल गर्ने ।

(ज) वालक्लवका सदस्य तथा अन्य विद्यार्थीहरुलाई वालिका तथा समावेशी शिक्षा सम्वन्धी जानकारी गराउने

घोराही उपमहानगरपालिका स्थानीय राजपत्र

क्रियाकलापहरु सञ्चालन गर्ने ।

(झ) वालिका तथा अपाङ्गता मैत्री विद्यालय निर्माणमा नेतृत्वदायी भूमीका निवार्ह गर्ने ।

१७. **प्रतिवेदन पेस गर्ने:** सञ्जालले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्ने छ ।

१८. **खर्च सार्वजनिक गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिम गरिएको खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अलावा नगरपालिकाले निर्देशन दिएको अवस्थामा सञ्जालले सार्वजनिकसुनवाइ, सार्वजनिक परीक्षण जस्ता सार्वजनिक उत्तरदायित्वका औजारहरूको प्रयोग गरी योजना वा कार्यक्रम कार्यान्वयनको अवस्थावारे सरोकारवालालाई जानकारी गराउनु पर्नेछ ।

१८. **अभिलेख राख्ने:** संजालको सचिवालयको रुपमा नगरपालिकाको शिक्षा तथा खेलकुद शाखारहनेछ । यस कार्यविधि बमोजिमका गतिविधिहरूको अभिलेख सोही शाखाले सुरक्षित रुपमा राख्नु पर्नेछ ।

१९. **अनुगमन सम्वन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम भएका कामहरूको नियमिति तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि संरक्षक वा संयोजक वा निजहरूले तोकेको समिति वा समितिको सदस्य वा कर्मचारी रहेको टोली खटाई भएको कार्यको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोली वा पदाधिकारीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको विवरणसहितको प्रतिवेदन संयोजक वा संरक्षक मार्फतसञ्जाल समक्ष पेश गर्नु पर्नेछ ।

२०. **पुरस्कार, सम्मान तथा असूली:** (१) बालिका तथा समावेशी शिक्षा सम्बन्धमा उत्कृष्ट कार्य गर्ने व्यक्ति, संघ, संस्था वा निकायलाई सञ्जालले पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम कुनै अनुदान उपलब्ध गराइएको हकमा त्यस्तो उपलब्ध गराइएको अनुदान वा सहायता रकमको सही सदुपयोग नगर्ने र तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदान वासहायताग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान असूल गर्ने तथा अन्य अनुदानबाट कट्टा गरिनेछ । साथै यसरी असूल तथा कट्टा गर्दा समेत असूली नभएमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. **निर्देशन दिन सक्ने:** नगर कार्यपालिकाले सञ्जालको काम कारबाहीको सम्बन्धमा सञ्जाललाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२२. **खारेजी र बचाउ:** (१) यो कार्यविधि कार्यान्वयन गर्न बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधि अन्तर्गत भएको व्यवस्था सोही बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) यस कार्यविधिमा रहेको प्रावधानहरू प्रचलित संविधान, सङ्घीय, प्रदेश तथा स्थानीय कानूनसँगबाझिएको हकमा स्वतः निस्क्रिय हुनेछन् ।

आज्ञाले
शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र